# राष्ट्रिय स्वतन्त्र पार्टी

# जिल्ला अधिवेशन निर्वाचन कार्यविधि
## २०८३
## (मस्यौदा)

केन्द्रीय कार्यालय
वनस्थली, काठमाडौं

# राष्ट्रिय स्वतन्त्र पार्टी

## जिल्ला अधिवेशन निर्वाचन कार्यविधि

## २०८३

राष्ट्रिय स्वतन्त्र पार्टीको विधान तथा स्थापित विधि बमोजिम जिल्ला अधिवेशन विधि र पद्धतिमा रही लोकतान्त्रिक प्रणाली अनुरुप धाँधलीरहित र आपसी सहमतिको वातावरणमा सम्पन्न गर्न/गराउन यो **जिल्ला अधिवेशन निर्वाचन कार्यविधि, २०८३** जारी गरिएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम "**जिल्ला अधिवेशन निर्वाचन कार्यविधि २०८३"** रहेको छ।

(ख) यो कार्यविधि केन्द्रीय निर्वाचन आयोगलेले जारी गरेको मिति देखि लागू हुनेछ।

(ग) यो कार्यविधि पार्टीको पहिलो जिल्ला अधिवेशनको हकमा मात्र लागू हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **'विधान'** भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको विधानलाई जनाउनेछ।

(ख) **'तदर्थ जिल्ला समिति'** भन्नाले अधिवेशन अगाडि जिल्ला भेलामार्फत् गठन भएको जिल्ला समितिलाई जनाउनेछ।

(ग) **'जिल्ला समिति'** भन्नाले यस कार्यविधि अनुसार अधिवेशनबाट गठन भएको जिल्ला समितिलाई जनाउनेछ।

(घ) **'सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्य'** भन्नाले जिल्ला समितिको सभापति, उपसभापति, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यलाई जनाउनेछ।

(ङ) **'निर्वाचन क्षेत्र समिति'** भन्नाले यस कार्यविधि अनुसार अधिवेशनबाट गठन भएको निर्वाचन क्षेत्र समितिलाई जनाउनेछ।

(च) **'संयोजक, उपसंयोजक, सचिव र सदस्य'** भन्नाले निर्वाचन क्षेत्र समितिको संयोजक, उपसंयोजक, सचिव र सदस्यलाई जनाउनेछ।

(छ) **'निर्वाचन'** भन्नाले अधिवेशनमार्फत् समिति चयन गर्नका लागि हुने निर्वाचनलाई जनाउनेछ।

(ज) **'निर्वाचन समिति'** भन्नाले केन्द्रीय निर्वाचन आयागले जिल्ला समिति चयन गर्न निर्वाचन प्रयोजनको लागि गठित समितिलाई जनाउनेछ।

(झ) **'संयोजक र सदस्य'** भन्नाले गठन भएका तहगत निर्वाचन समितिको प्रमुख र सदस्यलाई जनाउनेछ।

(ञ) **'उम्मेदवार'** भन्नाले जिल्ला समितिको तोकिए बमोजिमका पदाधिकारी तथा सदस्यहरुको पदमा विधानको अधिनमा रही उम्मेदवार मनोनयन पत्र दर्ता गरेका व्यक्तिलाई जनाउनेछ।

(ट) **'मतदाता'** भन्नाले जिल्ला अधिवेशनको लागि मताधिकारसहित तोकिएका प्रतिनिधिलाई जनाउनेछ।

### ३. जिल्ला अधिवेशन निर्वाचन समिति गठनः

केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशन निर्वाचन आयुक्त तोक्नेछ। केन्द्रीय संगठन विभागले जिल्ला अधिवेशनको स्वीकृति दिएको लिखित जानकारी केन्द्रीय निर्वाचन आयोगलाई दिए पश्चात् केन्द्रीय निर्वाचन आयोगले तोकेको निर्वाचन आयुक्तले निष्पक्ष रुपमा निर्वाचन गराउने विश्वासका साथ राजनीतिक रुपमा सक्षम, योग्य, र व्यक्तिगत रुपमा स्वार्थ नबाझिने व्यक्तिहरु समेटेर एक जनाको संयोजकत्वमा ३ जनाको जिल्ला अधिवेशन निर्वाचन समिति गठन गर्नेछ। संयोजकले अन्य समिति सदस्यहरुको काम बाँडफाँड गर्नेछ। निर्वाचन समितिले निर्वाचनको कार्यतालिका जिल्ला अधिवेशन आयोजक समितिसँगको समन्वयमा तयार गर्न सक्नेछ।

### ४. निर्वाचन सम्बन्धी कार्यक्रम

यस नियमावली बमोजिम निर्वाचन हुने समितिको निर्वाचन कार्यतालिका यसप्रकार रहनेछ।

(क) मतदाताको प्रारम्भिक नामावली प्रकाशन।

(ख) मतदाता नामावली माथि दाबी विरोध।

(ग) मतदाताको अन्तिम नामावली प्रकाशन।

(घ) उम्मेदवारको मनोनयन दर्ता। (अनुसूची-२ बमोजिम)

(ङ) उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन ।

(च) उम्मेदवारमाथि दाबी विरोध । (अनुसूची-३ बमोजिम)

(छ) उम्मेदवारी फिर्ता । (अनुसूची-४ बमोजिम)

(ज) उम्मेदवारको अन्तिम नामावली प्रकाशन ।

(झ) मतदान ।

(ञ) मतगणना र मतपरिणामको घोषणा ।

(ट) शपथ ग्रहण । (अनुसूची-६ बमोजिम)

**५. जिल्ला अधिवेशनबाट निर्वाचित हुने**

**<u>जिल्ला समिति</u> :**

जिल्ला समितिको गठन देहाय बमोजिम हुनेछः

(क) जिल्ला सभापति १, उपसभापति १, सचिव १, सहसचिव १, समावेशी सदस्य ५, हरेक प्रतिनिधि सभा निर्वाचन क्षेत्रबाट १ जना हुने गरी सदस्यहरु जिल्ला अधिवेशनबाट निर्वाचित हुनेछन् । सभापतिले निर्वाचित जिल्ला समिति सदस्यबाट १ जना कोषाध्यक्ष मनोनित गर्न सक्नेछ । कुल जिल्ला समिति संख्या बिजोर हुने गरी जिल्ला सभापतिले २ वा ३ जनासम्म मनोनित गरी जिल्ला समिति गठन हुनेछ । सबै पालिकाका सभापतिहरु पदेन सदस्य हुनेछन ।

**<u>निर्वाचन क्षेत्र समितिः</u>**

निर्वाचन क्षेत्र समिति देहाय बमोजिम गठन हुनेछ ।

(क) एक भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला समितिले निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने जिल्ला सदस्यको संयोजकत्वमा ७ सदस्यीय निर्वाचन क्षेत्र समिति गठन गर्नेछ । तर एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला समितिले नै निर्वाचन क्षेत्र समितिको कार्य गर्नेछ ।

(ख) निर्वाचन क्षेत्र समितिमा उपसंयोजक २ (फरक प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी), सचिव १ र सदस्य ३ जना (फरक प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी) सहितको सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला अधिवेशनमा आएका प्रतिनिधिहरुमध्येबाट निर्वाचन क्षेत्र समिति निर्वाचित गरिनेछ ।

**६. जिल्ला अधिवेशन निर्वाचन सम्बन्धी कार्यविधि**

(क) निर्वाचन समितिले अधिवेशन निर्वाचनको मिति, समय, स्थान एवं दफा ४ अनुसारको निर्वाचन तालिका बनाई सम्बन्धित सबैको पहुँचमा हुने, सबैले देख्न सक्ने स्थानमा सार्वजनिक गर्नु पर्नेछ । निर्वाचन समितिले अधिवेशन आयोजक समितिसँग समन्वय गरी निर्वाचन तालिका बनाउनु पर्नेछ । निर्वाचन तालिका अधिवेशन उद्घाटन हुनु अगाडि देखि पनि गर्न सक्नेछ । निर्वाचन तालिका अनुशासित भई सभ्य, शिष्ट भाषामा सामाजिक सञ्जालमा समेत प्रकाशन गर्न सकिने छ ।

(ख) जिल्ला अधिवेशनको मतदाता जिल्ला अधिवेशन कार्यविधि, २०८३ ले तोके बमोजिम हुनेछ । तोकिएका मताधिकार प्राप्त सबैको प्रारम्भिक नामावली अधिवेशन आयोजक समितिबाट कम्तीमा ५ दिन अगाडि संकलन गरी निर्वाचन समितिले तोकिएको समय र मितिमा प्रकाशन गर्नेछ । निर्वाचन समितिले उक्त नामावलीमा दाबी विरोधको समय दिई दाबी विरोधको आवश्यक जाँचबुझ गरी अन्तिम नामावली सार्वजनिक गर्नेछ ।

(ग) विधानले तेके बमोजिमको जिल्ला समितिको पदको निम्ति प्रतिनिधिहरुको अन्तिम नामावलीमा नाम भएका प्रतिनिधिहरुलाई उम्मेदवारी दर्ताको सूचना जारी गरिनेछ । तोकिएको स्थानमा तोकिएका उम्मेदवारी शुल्कसहित उम्मेदवारी फारम संकलन गरिनेछ । तोकिएको समयमा संकलित उम्मेदवारी फारमको आधारमा प्रारम्भिक उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । उक्त नामावलीमा दाबी विरोधको समय दिने र दाबी विरोधको आवश्यक जाँचबुझ गरी उम्मेदवारको अन्तिम नामावली सार्वजनिक गर्नेछ । तोकिएको समयभित्र प्राप्त भएको दाबी बिरोधमा सम्बन्धित प्रमाणहरुको आधारमा निर्वाचन समितिले उम्मेदवारी खारेजी समेत गर्न सक्नेछ । तोकिएको अवधि समाप्त भएपश्चात् आएको दाबी विरोधको बारेमा निर्वाचन आयोगले थप कुनै सुनुवाई गर्ने छैन ।

(घ) निर्वाचन समितिले निर्वाचनको लागि आवश्यक मतपेटिका, मतपत्र लगायतका सामाग्रीहरुको तयारी गर्नेछ । निर्वाचन सामाग्री साथै आवश्यक सुरक्षित स्थानको प्रबन्ध गरी एक वा एक बढी मतदान केन्द्रको व्यवस्था गरी

मतदान गराउन सक्नेछ। मतदान स्थलमा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि रहन सक्ने व्यवस्था समेत गर्न सकिनेछ।

(ङ) उम्मेदवारहरु वा उम्मेदवारहरुको प्रतिनिधिहरुको रोहवरमा सुरक्षित तरिकाले मतगणना गरिनेछ। मतगणनाको परिणमको आधारमा निर्वाचित समिति घोषणा गरिनेछ।

(च) निर्वाचन समितिले आवश्यक परेमा निर्वाचन समिति सदस्यहरु एवं कर्मचारी नियुक्त गर्न र आफ्ना अधिकारहरुको प्रत्यायोजन गर्न सक्नेछ। मतपत्र निर्वाचन भएको ३५ दिनसम्म सिलबन्दी गरी सुरक्षित राख्नु पर्नेछ।

छ). पार्टीको विधि विधान र आचारसंहिता माथि विश्वास नराख्ने सदस्यलाई निर्वाचन कार्यक्रममा समावेश गराइने छैन।

## ७. उम्मेदवारी दर्ता

(क) निर्वाचनमा उम्मेदवार हुन चाहनेले एक पद एक व्यक्तिको सिद्धान्तलाई पालना गर्दै दफा ५ अनुसारका कुन पदमा उम्मेदवार हुन चाहेको हो सो पद खुलाई मतदाताहरुमध्येबाट एक जना प्रस्तावकको दस्तखत गराई तोकिएको स्थानमा आफैं उपस्थित भई तोकिएको ढाँचामा निर्धारित समयभित्र निर्वाचन समितिका सदस्य समक्ष पेश गरी दर्ता गराउनु पर्नेछ वा निर्वाचन समितिले अनलाइन विधि तोकेको अवस्थामा सोही अनुसार अनलाइन उम्मेदवारी दिन सक्नेछ।

(ख) निर्वाचन समितिका सदस्यहरुले मनोनयन फारम रित नपुगेको भए सच्याउन परिस्थिति हेरी मौका प्रदान गर्न सकिनेछ। रित पुगेपछि उम्मेदवारलाई दर्ता नं. उपलब्ध गराइने छ।

(ग) कुनै एक पदको उम्मेदवारको प्रस्तावक भइसकेका मतदाता अर्को सोही पदको उम्मेदवारको प्रस्तावक बस्न पाइने छैन।

(घ) उम्मेदवारी फिर्ता लिन उम्मेदवार स्वयं आफैं उपस्थित भई निवेदन पेश गर्नु पर्नेछ। उम्मेदवारी फिर्ता मतदान प्रक्रिया सुरु हुनु अगाडिसम्म गर्न सकिने छ। फिर्ता लिंदाको हकमा उम्मेदवारी दर्ता शुल्क फिर्ता हुनेछैन।

(ङ) निर्वाचन समितिले कार्यतालिका अनुसार उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गर्ने, दाबी विरोधको समय दिने, कुनै उम्मेदवार माथि दाबी विरोध भएमा सो दाबी विरोधको बारेमा छानबिन गरी यस नियमावलीमा उल्लेख भए बमोजिम उम्मेदवारको उम्मेदवारी कायम हुने वा नहुने निक्यौल गरी अन्तिम उम्मेदवारको नामावली प्रकाशन गरी सम्बन्धितलाई समेत जानकारी गराउनु पर्नेछ। अन्तिम नामावली प्रकाशन पश्चात् आएको उजुरी उपर निर्वाचन समितिले सुनुवाई गर्ने छैन।

## ८. उम्मेदवारको योग्यता र मनोनयन शुल्क

### (१) उम्मेदवार हुने योग्यताः

(क) अधिवेशनको अन्तिम प्रतिनिधिहरुको नामावलीमा नाम सूचीकृत रहेको। (पार्टीको केन्द्रीय पोर्टलमा मतदाता परिचयपत्रसहित दर्ता (नविकरण कायम) रहेको र केन्द्रीय पोर्टलबाट अनिवार्य सदस्यता नं. प्राप्त गरेको हुनुपर्ने।)

(ख) सम्बन्धित भूगोलमा स्थायी बसोबास भई हाल अन्यत्र बसोबास नभएको, मतदाता नामावलीमा नाम भई मतदाता परिचयपत्र भएको र सो व्यहोरा आफ्नो सदस्यता विवरणमा अपलोड गरी परिचयपत्रमा क्यूआर कोड भएको।

(ग) विगत ६ महिनादेखि पार्टी हित विपरित कुनै गतिविधि नगरेको।

(घ) पार्टी हित विपरित काम गरेको आरोप लागि सजाय भुक्तान गरेको भए सोको प्रमाण भएको।

(ङ) पार्टीको अनुशासन आयोग वा संगठन विभागमा उजुरी परेको भए छानबिन टुंगोमा पुगेको र सफाई पाएको।

(च) पार्टीको कुनैपनि संरचनामा भएको भए उक्त तहमा तोकिएको लेवी भुक्तान गरेको।

(छ) फौजदारी कसुरमा सजाय नपाएको।

(२) **जिल्ला समितिको उम्मेदवारी शुल्क**

जिल्ला समितिमा निर्वाचित हुनका लागि इच्छुक प्रतिनिधिहरुले आफू निर्वाचित हुन चाहेको पदमा निर्वाचन समितिले तोके बमोजिम उम्मेदवारी फारमसहित उम्मेदवारी शुल्क बुझाउनु पर्नेछ । जिल्ला सभापतिको उम्मेदवारी शुल्क रु. ५०००/- उपसभापति, सचिव, सहसचिव र कोषाध्यक्षको रु ३०००/- र सदस्यको रु.१०००/- उम्मेदवारी शुल्क हुनेछ । निर्वाचन क्षेत्र उपसंयोजक र सचिव रु.१०००/- सदस्यको रु.५००/- शुल्क हुनेछ ।

(३) **उम्मेदवारी दिने सम्बन्धी थप स्पष्टता**

(क) अधिवेशन भएको वडा र पालिका समिति साथै अधिवेशन पश्चात् विभाग तथा च्याटमा मनोनीत भएका पदाधिकारी तथा सदस्यहरुबाहेक अन्य तदर्थ समिति वा संयन्त्रको पदाधिकारी र सदस्यमा रहेका प्रतिनिधिले उम्मेदवारी दिन सक्नेछ ।

(ख) पार्टीको अधिवेशन भएको वडा र पालिका समिति बाहेका अन्य जुनसुकै तदर्थ समिति वा संयन्त्रको पदाधिकारी र सदस्यमा रहेकाले सम्बन्धित तहको लेबी भुक्तान गरी प्रतिनिधि भएमा जिल्ला अधिवेशनमा जिल्ला समिति र निर्वाचन क्षेत्र समितिको उम्मेदवारी दिन सक्नेछ । उम्मेदवारी दिन चाहेमा उक्त पदबाट राजीनामा दिई स्वीकृत भएको हुनु पर्नेछ । यदि राजीनामा नदिई वा दिएर पनि स्वीकृत नगराई उम्मेदवारी दिएको भए उम्मेदवारी दर्ता भए पश्चात् निजको पद स्वतः रिक्त हुनेछ । कारणवश निज पुनः सोही (पुरानो) पदमा फर्कन चाहेमा सम्बन्धित समिति/संयन्त्रले लिखित निर्णय गरेको हुनुपर्नेछ ।

## ९. उम्मेदवारको प्रारम्भिक नामावली

तोकिएको फारम भरी उम्मेदवारी शुल्कसहित तोकिएको स्थान र समयमा दर्ता गराएका उम्मेदवारहरुको प्रारम्भिक नामावली सबै प्रतिनिधिहरुको पहुँचमा पुग्ने गरी सबैले थाहा पाउने गरी प्रकाशन गरिनेछ ।

## १०. उम्मेदवारको नामावलीमा दाबी बिरोध

(क) कुनै उम्मेदवारको नाम प्रकाशनमा गल्ती भएमा वा यस कार्यविधिमा उल्लेखित शर्तहरु पुरा गर्नुपर्ने, पुरा नभएमा वा उम्मेदवार हुन अयोग्य व्यक्ति भएमा तोकिएको समयभित्र मतदाता वा उम्मेदवार समेतले सो विवरण खोली विरोध पत्र निर्वाचन समितिमा दर्ता गराउन सक्नेछन् ।

(ख) प्राप्त हुन आएका दाबी विरोधहरुको प्रमाणहरुको जाँच गरी उम्मेदवारको निवेदनमाथि निर्णय गर्नुपर्ने हुन्छ । यस अवस्थामा कुनै प्रकारका समस्या एवं विवाद उत्पन्न भएमा निर्वाचन समितिका बहुमतको निर्णय अन्तिम हुनेछ ।

## ११. उम्मेदवारको अन्तिम नामावली

रितपूर्वक सबै प्रक्रिया पुरा गरेका उम्मेदवारहरुको अन्तिम नामावली यकिन गरी निर्वाचन समितिले प्रतिनिधिहरु र स्वयं उम्मेदवारले देख्न सक्ने गरी प्रकाशित गर्नेछ ।

## १२. निर्विरोध विजयी भएको

विधान अनुसार तोकिएको पदहरुमा एकल उम्मेदवारी परेको भए हलबाट अनुमोदन गराई निर्विरोध चयन भएको घोषणा गर्न गरिनेछ ।

## १३. मतदाता

अन्तिम मतदाता नामावलीमा नाम सूचीकृत रहेको अधिवेशन प्रतिनिधिहरु मतदाता हुनेछन् । सबै मतदाताहरुको पार्टीको केन्द्रीय पोर्टलमा दर्ता (नविकरण कायम) रहेको र केन्द्रीय पोर्टलबाट अनिवार्य सदस्यता नं. प्राप्त गरेको हुनु पर्नेछ ।

## १४. मतदान केन्द्र

निर्वाचन समितिले मतदाता संख्याको आधारमा मतदाता केन्द्र तोक्न सक्ने छ । मतदान केन्द्रको पूर्ण रुपमा सुरक्षा प्रबन्ध मिलाइनेछ । प्रज्वलनशील ठोस वा तरल पदार्थ, मोबाइल, क्यामरा साथमा लिएर जान, कुनै नशालु पदार्थ वा मादक पदार्थ सेवन गर्न, उम्मेदवारको पक्ष वा विपक्षमा नाराबाजी वा हुलहुज्जत गर्न वा अवान्छित क्रियाकलाप गरी मतदान केन्द्रमा प्रवेश गर्न वर्जित गरिएको छ ।

**१५. मतदान**

मतदाताको परिचयपत्र (पार्टी सदस्यता कार्ड, नागरिकता, लाइसेन्स, मतदाता परिचय पत्र आदि)को आधारमा मतदाता नामावलीमा नाम भएको मतदाताहरुलाई लाइनमा राखेर पालै पालो मतदान गर्न दिईनेछ । मतदाताले गोप्य मतदान गर्नु पर्नेछ । कुनै पनि मतदाताले गोप्य मतादान प्रक्रियालाई खलल पुग्ने कुनै काम गरेको अवस्थामा तुरुन्त निर्वाचन समितिले कारवाही प्रक्रिया अगाडि बढाउन सक्नेछ । निर्वाचन समितिले तोकेको समयभित्र मतदान गरिसक्नु पर्नेछ । तोकिएको समय भन्दा पछाडि मतदाता आएमा मतदान गर्न पाइने छैन । मतदान हुने क्रममा उम्मेदवार वा उम्मेदवाको प्रतिनिधिलाई निश्चित स्थान तोकी पर्यवेक्षण गर्ने अवसर दिन सकिनेछ । साथै अनुगमनकर्ता र पर्यवेक्षकहरुले पनि निश्चित स्थानमा रहेर अनुगमन तथा पर्यवेक्षण गर्न सकिनेछ ।

**१६. जिल्ला अधिवेशनबाट निर्वाचित गर्ने विधिः**

**क) जिल्ला समितिमा उम्मेदवारी दिने तथा निर्वाचित हुने विधिः**

- जिल्ला समितिको निम्ति सभापति १ जना, उपसभापति १ जना, सचिव १ जना, सहसचिव १ जना र सदस्यहरु ५ जना बढी मतको आधारमा निर्वाचित गरिनेछ ।
- जिल्ला सभापतिको पदमा निर्वाचित हुनको लागि खसेको मतको ५०%+१ मत ल्याउनु पर्नेछ । यदि २ भन्दा बढी उम्मेदवार भई कसैको पनि ५०%+१ जनाको मत प्राप्त नभएमा धेरै मत ल्याउने २ उम्मेदवार विच पुन मतदान गर्नुपर्नेछ । जिल्ला सभापतिको अन्तिम चरणको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी स्वतः जिल्ला समिति सदस्य निर्वाचित हुनेछ । यो सदस्य पद संख्या सभापतिबाट मनोनित हुने संख्यामा मिलान गरिनेछ ।
- जिल्ला समितिमा ३३ प्रतिशत महिला र १ दलित अनिवार्य हुनु पर्ने भएकोले देहाय अनुसार उम्मेदवारी लिई निर्वाचित गर्नुपर्नेछ । यदि यो संख्यामा निर्वाचित नहुने देखिएमा सो पद आरक्षण गरी उक्त पद रिक्त राख्नु पर्नेछ ।

| पद | उम्मेदवारी दिन सक्ने | निर्वाचित हुने | मतदाता |
|---|---|---|---|
| सभापति १, उपसभापति १, सचिव १, सहसचिव १ | सबै प्रतिनिधि | बढी मत ल्याउने उम्मेदवार | सबै प्रतिनिधि |
| सम्बन्धित जिल्लामा बाहुल्य भएको जातीय क्लस्टरबाट सदस्य १ जना | सम्बन्धित जिल्लामा बाहुल्य भएको जातीय क्लस्टरको प्रतिनिधि | • सम्बन्धित जिल्लामा बाहुल्य भएको जातीय क्लस्टरको उम्मेदवारहरु मध्ये बढी मत ल्याउने उम्मेदवार १ जना | सबै प्रतिनिधि |
| दलित सदस्य १ जना | दलित प्रतिनिधि | • दलित उम्मेदवारहरुमध्ये बढी मत ल्याउने उम्मेदवार १ जना | सबै प्रतिनिधि |
| सदस्य ३ जना | सबै प्रतिनिधि | • सभापति, उपसभापति, सचिव, सहसचिव र जातिय बाहुल्यता बढि भएको र दलित क्लस्टरबाट प्रतिनिधित्व गर्ने सदस्यहरु सवै पुरुष निर्वाचित भएमा बढी मत ल्याउने ३ जना महिला उम्मेदवार<br>• सभापति, उपसभापति, सचिव, सहसचिव र जातिय बाहुल्यता बढि भएको र दलित क्लस्टरबाट प्रतिनिधित्व गर्ने सदस्यहरु मध्ये १ जना महिला निर्वाचित भएमा बढी मत ल्याउने २ जना महिला र १ जना अन्य उम्मेदवार<br>• सभापति, उपसभापति, सचिव, सहसचिव र जातिय बाहुल्यता बढि भएको र दलित | सबै प्रतिनिधि |

| | | | |
|---|---|---|---|
| | | क्लस्टरबाट प्रतिनिधित्व गर्ने सदस्यहरु मध्ये २ जना महिला निर्वाचित भएमा बढी मत ल्याउने १ जना महिला र २ जना अन्य उम्मेदवार<br>● सभापति, उपसभापति, सचिव, सहसचिव र जातिय बाहुल्यता बढि भएको र दलित क्लस्टरबाट प्रतिनिधित्व गर्ने सदस्यहरु मध्ये ३ जना महिला निर्वाचित भएमा बढी मत ल्याउने ३ जना उम्मेदवार | |
| निर्वाचन क्षेत्र अनुसारको सदस्य | निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिहरु मात्रै | सम्बन्धित निर्वाचन क्षेत्रको उम्मेदवारहरुमध्ये बढी मत ल्याउने उम्मेदवार | सबै प्रतिनिधि |

(ख) **निर्वाचन क्षेत्र समिति उम्मेदवारी दिने तथा निर्वाचित हुने विधिः**

- एक भन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला समितिले निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने जिल्ला सदस्यको संयोजकत्वमा ७ सदस्यीय निर्वाचन क्षेत्र समिति गठन गर्नेछ । तर एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला समितिले नै निर्वाचन क्षेत्र समितिको कार्य गर्नेछ ।
- निर्वाचन क्षेत्र समितिको संयोजक निर्वाचन क्षेत्र अनुसार निर्वाचत भएको जिल्ला समिति सदस्य हुने भएकोले निर्वाचन क्षेत्र समितिको संयोजक जिल्ला समितिको सदस्य निर्वाचनमा नै निर्वाचित हुनेछ ।
- निर्वाचन क्षेत्र समितिमा उपसंयोजक २ (फरक प्रदेश सभा निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व हुने गरी), सचिव १ र सदस्य ३ जना सहितको सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला अधिवेशनमा आएका प्रतिनिधिहरुमध्येबाट निर्वाचन क्षेत्र समिति निर्वाचित गरिनेछ ।
- निर्वाचन क्षेत्र समितिमा ३३ प्रतिशत महिला अनिवार्य हुनु पर्ने भएकोले देहाय अनुसार उम्मेदवारी लिई निर्वाचित गर्नुपर्नेछ । यदि यो संख्यामा निर्वाचित नहुने देखिएमा सो पद आरक्षण गरी उक्त पद रिक्त राख्नु पर्नेछ ।

| **पद** | **उम्मेदवारी दिन सक्ने** | **मतदाता हुने** | **निर्वाचित हुने** |
|---|---|---|---|
| उपसंयोजक क | प्रदेश सभा निर्वाचन क्षेत्र क को सबै प्रतिनिधि | निर्वाचन क्षेत्रको प्रतिनिधि सबै | बढी मत ल्याउने उम्मेदवार |
| उपसंयोजक ख | प्रदेश सभा निर्वाचन क्षेत्र ख को सबै प्रतिनिधि | निर्वाचन क्षेत्रको प्रतिनिधि सबै | बढी मत ल्याउने उम्मेदवार |
| सचिव | प्रतिनिधि सभा निर्वाचन क्षेत्रको सबै प्रतिनिधि | निर्वाचन क्षेत्रको प्रतिनिधि सबै | बढी मत ल्याउने उम्मेदवार |
| सदस्य<br>३ जना | प्रतिनिधि सभा निर्वाचन क्षेत्रको सबै प्रतिनिधि | निर्वाचन क्षेत्रको प्रतिनिधि सबै | ● संयोजक, उपसंयोजक र सचिव सवै पुरुष निर्वाचित भएमा बढी मत ल्याउने ३ जना महिला उम्मेदवार<br>● संयोजक, उपसंयोजक र सचिव मध्ये १ जना महिला निर्वाचित भएमा बढी मत ल्याउने २ जना महिला र १ जना अन्य उम्मेदवार<br>● संयोजक, उपसंयोजक र सचिव मध्ये २ जना महिला निर्वाचित भएमा बढी मत ल्याउने१ जना महिला र २ जना अन्य उम्मेदवार<br>● संयोजक, उपसंयोजक र सचिव मध्ये ३ जना महिला निर्वाचित भएमा बढी मत ल्याउने ३ जना उम्मेदवार |

(ग) विधान अनुसार तोकिएको पदहरुमा एकल उम्मेदवारी परेको भए हलबाट अनुमोदन गराई निर्विरोध चयन भएको घोषणा गर्न सक्नेछ ।

(घ) एकै पदमा एक भन्दा बढीको उम्मेदवारी परेमा उम्मेदवारहरुलाई सहमतिको लागि समय दिनु पर्नेछ । यदि तोकिएको समयसीमामा सहमति हुन नसकेमा उपस्थित प्रतिनिधिहरुले एक प्रतिनिधि एक मतको आधारमा निर्वाचन गरी लोकतान्त्रिक विधिबाट समिति निर्वाचित गर्नेछ । सहमतिको लागि अनावश्यक दबाब दिने, झुटो आश्वासन दिने जस्ता कार्य गर्न निषेध गरिएको छ ।

(ङ) निर्वाचन कार्यविधि तथा आचासंहिता बमोजिम सबैले मतदान गर्नेछन् । मतदान प्रक्रिया सम्पन्न भएपश्चात् मतगणना गरिनेछ । मतगणना उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको रोहवरमा गरिनेछ ।

(च) यदि कुनै पदमा मत बराबर आएमा लक्की ड्र गरी निर्वाचित हुने व्यवस्था गर्नुपर्नेछ ।

(छ) निर्वाचन प्रक्रियाका क्रममा धाँधली वा पक्षपात गर्ने सहजीकरण समिति, उम्मेदवार वा उम्मेदवारलाई धाँधली वा पक्षपात गरेको ठहर भएमा ५ वर्षसम्म निर्वाचनमा भाग लिन र पार्टीको जिम्मेवारीमा नरहने गरी निर्वाचन समितिले निर्वाचन आयुक्तिलाई कारवाहीको सिफारिस गर्नेछ । उक्त सिफारिस सम्बन्धित कारवाही गर्ने अख्तियार प्राप्त निकायमा पठाई कारवाही गराउन सक्नेछ ।

(ज) निर्वाचन पश्चात् कारणवश कुनै एक उम्मेदवार अयोग्य ठहर भएमा निर्वाचनका बाँकी पदहरु कायम हुनेछ ।

## १७. मत पत्र

मत पत्र **अनुसूची-५** बमोजिम हुनेछ । मतदान पत्रमा पार्टीको छाप र निर्वाचन संयोजकको अनिवार्य हस्ताक्षर भएको हुनु पर्ने छ ।

## १८. वैध/अवैध मतपत्र

१. मत पत्र च्यातिएको र उम्मेदवारको नाम वा निर्वाचन चिन्ह अस्पष्ट भएको मतपत्र अमान्य हुनुपर्नेछ ।
२. मत पत्रमा अगाडि वा पछाडि पार्टीको छाप र निर्वाचन समिति संयोजकले तोकेको हस्ताक्षर अनिवार्य हुनेछ ।
३. मतदान पत्रमा  केरमेट नभएको हुनुपर्नेछ ।

## १९. सदर/बदर मत

१. मतदान गर्दा मतदान पत्रमा उल्लेख भएको कोठामा ✓ चिन्ह लगाउनु पर्नेछ । यसरी चिन्ह लगाउँदा आफुले चाहेको एक पदको लागि एक जनालाई मात्र मतदान गर्नु पर्नेछ । यदि एक पदमा एक भन्दा बढीलाई चिन्ह लगाएको खण्डमा सो मत बदर हुनेछ ।
२. बाहिर चिन्ह लगाएको खण्डमा सो मत पनि बदर हुनेछ । तर कसलाई मत दिएको सो संकेत प्रष्ट हुने गरी मिलेको खण्डमा मत सदर हुने भनी मतगणना अघि नियम बनाएमा सोही अनुसार गर्न सकिनेछ ।
३. कोठामा ✓ को सट्टा अन्य कुनै चिन्ह लगाएमा वा केरमेट गरेमा सो मत बदर हुनेछ । तर कसलाई मत दिएको सो संकेत प्रष्ट हुने गरी मिलेको खण्डमा मत सदर हुने भनि मतगणना अघि नियम बनाएमा सोही अनुसार गर्न सकिनेछ ।

## २०. मतगणना

१. मतगणना सुरक्षित स्थानमा गरिनेछ ।
२. मतगणना हुनुभन्दा अगाडि सबै मतपेटिकाको मुचुल्का उठाउनु पर्नेछ । मुचुल्कामा उम्मेदवार वा उम्मेदवारको प्रतिनिधिको अनिवार्य हस्ताक्षर हुन पर्नेछ ।
३. मतगणनामा उम्मेदवार स्वयं वा उम्मेदवारले तोकेको प्रतिनिधिको रोहवरमा मतगणना गरिनेछ । उम्मेदवार वा उम्मेदवारले तोकेको व्यक्ति मतगणना स्थलमा तीन पटक बोलाउँदा पनि नआएमा मतगणना कार्य अगाडि बढाउन बाधा पर्ने छैन ।
४. मतपत्र वैध/अवैध र मत सदर/बदर यस नियमावलीमा उल्लेख गरिए बमोजिम हुनेछ । यदि सो बारेमा विवाद भएमा निर्वाचन समितिले अन्तिम निर्णय दिन सक्नेछ ।

## २१. मतपेटिका

निर्वाचन समितिले बन्द गर्न मिल्ने प्रकृतिको मतपेटिका व्यवस्था गर्नेछ । मतदान हुनु पुर्व उम्मेदवार वा प्रतिनिधिको रोहवरमा मतपेटिका पूर्ण रुपमा खाली गरी मतदान केन्द्रमा राखिनेछ । मतदान प्रक्रिया समाप्त भएपछि मतपेटिका उम्मेदवार वा प्रतिनिधिको रोहवरमा सुरक्षित गरी मतगणनाको समयमा मतपेटिका खोलिनेछ ।

## २२. निषेधित कार्यः

यस कार्यविधिको अधीनमा रही निर्वाचन गर्दा तपसिलका क्रियाकलापलाई निषेध गरिएको छ ।

(क) निर्वाचन प्रक्रियामा कसैले पनि होहल्ला, गाली बेइज्जत गर्ने ।

(ख) निर्वाचनलाई असर गर्ने गरी कुनैपनि क्रियाकलाप गर्ने, मतदान भाँडभैलो गर्ने ।

(ग) निर्वाचन स्थलमा तोकिएको मतदाता, निर्वाचन प्रयोजनमा तोकिएका सदस्य, प्रदेश र केन्द्र समितिले तोकेको पदाधिकारीबाहेकका अन्य कोही उपस्थित हुने वा गराउने ।

(घ) निर्वाचन स्थलमा झैझगडामा प्रयोग हुन सक्ने र कानुनले निषेधित गरेका सामाग्रीहरु लैजाने ।

(ङ) निर्वाचन कार्यतालिकाभन्दा बाहिर गएर काम गर्ने ।

(च) निर्वाचन समिति र मतदातालाई प्रलोभनमा पार्ने, धम्काउने तथा निषेध गर्ने ।

(छ) निर्वाचनलाई प्रभावमा पर्ने उद्देश्यले उम्मेदवारको पहिचान देखिने गरी टोपी, टिसर्ट, ज्याकेट, लकेट, झोला, पर्चा, पोस्टरिङ् जस्ता सामाग्री बनाई वितरण गर्ने तथा आर्थिक चलखेल गर्ने ।

(ज) विधिवत भइरहेको निर्वाचन प्रक्रियालाई बिथोल्ने ।

(झ) उम्मेदवार वा उम्मेदवारको समर्थक समूहले अर्को उम्मेदवारलाई लक्षित गरी सार्वजनिक रुपमा व्यक्तिगत लान्छना लगाउने ।

(ञ) निर्वाचन समिति र जिल्ला, प्रदेश, केन्द्रका समिति वा अन्य निकायका व्यक्तिहरुले निर्वाचनलाई प्रभावित गर्ने । आफ्नो मान्छेलाई उम्मेदवार बनाई निजको पक्षमा वकालत गर्ने ।

(ट) समूहगत प्यानल बनाएर उम्मेदवारी दिने, समूहगत प्यानल बनाई सामूहिक प्रचारप्रसार गर्ने ।

उल्लिखित कार्यहरु कसैबाट भएको खण्डमा निर्वाचन समितिले कानुन बमोजिम कारवाहीको लागि नजिकको सुरक्षा निकायलाई अनुरोध गर्न सक्नेछ । निर्वाचन कानुन, आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुको उम्मेदवारी खारेजीसम्मको कारवाही, मतदाताहरुलाई मतदानमा रोक्न र मतदान स्थलमा प्रवेश निषेध, अन्य सदस्य र पदाधिकारीलाई कसुरको आधारमा आवश्यक कारवाही समेत हुनेछ ।

## २३. निर्वाचन स्थगित गर्ने अवस्था

देहायको अवस्थामा निर्वाचन समितिले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(क) मताधिकार प्राप्त प्रतिनिधिहरुको बहुमतले निर्वाचन प्रक्रिया स्थगीत गर्ने निर्वाचन समितिमा लिखित निवेदन दिएमा ।

(ख) कुनै एक पक्षले निर्वाचनलाई प्रभावित गरी एकपक्षीय ढंगबाट बुथ क्याप्चर गरेको खण्डमा ।

(ग) दुई वा दुईभन्दा बढी पक्षको दोहोरो भिडन्त भई मतदाताहरु असुरक्षित भएको खण्डमा ।

(घ) निर्वाचन समितिमा अनावश्यक दबाबसहित आक्रमण हुने सम्भावना भई असुरक्षा भएको खण्डमा।

(ङ) निर्वाचन प्रक्रियामा होहल्ला गरी निर्वाचन गर्न नदिने नियतकासाथ निर्वाचन प्रभावित गरेको र सुरक्षा निकायले पनि समाल्न नसकेको खण्डमा ।

यहाँ उल्लेख गरिए बमोजिमको अवस्था भई निर्वाचन स्थगित गर्नुपर्ने भएमा निर्वाचन समितिको बहुमत सदस्यले बैठक गरी निर्वाचन स्थगित गर्ने निर्णय गर्नुपर्ने हुन्छ । निर्वाचन स्थगित गर्ने निर्णय पश्चात् निर्वाचन स्थगित भएको लिखित जानकारी प्रतिनिधिहरुलाई निर्वाचन समितिले गराउने छ । निर्वाचन स्थगित भएको सूचना निर्वाचन स्थलमा समेत टाँस गर्न सक्नेछ ।

समय अनुकुल भएपछि आवश्यकता बमोजिम स्थानीय प्रशासन समेतको सहयोगमा पुनः निर्वाचनको मिति, स्थान र समय तोकी निर्वाचन समितिले निर्वाचन प्रक्रिया सुचारु गर्नेछ ।

दफा २३ को (क), (ख), (ग), (घ) र (ङ) अनुसार कुनै समस्या नभएको अवस्थामा पनि निर्वाचन समितिले अल्पमतमा रहेका प्रतिनिधि वा कुनै उम्मेदवारको अनुरोध वा निवेदन साथै अनावश्यक दबाबको भरमा निर्वाचन स्थगित गर्न मिल्ने छैन । साथै निर्वाचन समिति प्रभावित भई प्रलोभनमा पर्ने साथै निर्वाचन स्थगितको सूचना प्रतिनिधिलाई नदिई  साथै निर्वाचन स्थलमा सूचना टाँस समेत नगरी निर्वाचन स्थगित गर्न सकिने छैन ।

**नोटः** एक प्रतिनिधि एक मत हुने भएकोले कुनै समितिको नेतृत्वमा हुँदैमा सम्बन्धित समिति सबैको प्रतिनिधित्व गर्न सक्ने छैन । अल्पमत प्रतिनिधिको उजुरीलाई निर्वाचन स्थगितको निम्ति आधार मानिने छैन ।

**२४. निर्वाचन अभिलेखीकरण**

अधिवेशनबाट निर्वाचित सदस्यहरुको अभिलेखीकरण र निर्णयप्रति निर्वाचन समितिले निर्वाचन आयोगलाई बुझाई आयोगले केन्द्रीय संगठन विभागमार्फत् अभिलेखीकरण राख्ने व्यवस्था गर्नु पर्नेछ ।

**२५. शपथ ग्रहण**

(क) निर्वाचित निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई एकैसाथ निर्वाचन समितिको संयोजकले अधिवेशनमा उपस्थित माथिल्लो समितिको प्रतिनिधिको रोहवरमा शपथ ग्रहण गराउनेछ ।

(ख) शपथ ग्रहणको विवरणः **अनुसूची -६** बमोजिम हुनेछ ।

**२६. विविध**

क) निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन समितिले गरेको निर्णय नै आधिकारीक एवं अन्तिम हुनेछ । तर निर्वाचन समितिले नियत वा कुनै कैफियत राखि निर्णय गरेको पाईएमा केन्द्रीय निर्वाचन आयोग र केन्द्रीय संगठन विभागको संयुक्त निर्णयबाट निर्वाचन समितलाई आवश्यक कारवाही गर्न सक्नेछ ।

ख) कुनै पनि कुरा चित्त नबुझेमा तथ्य र प्रमाणका आधारमा आवश्यक प्रकृया पुरा गरी तोकिएको विधि मार्फत पुनरावेदन गर्न सकिनेछ ।

**२७. खारेजी र बचाउः**

यस कार्यविधिमा माथि जेसुकै लेखिएको भएतापनि यस पार्टीको विधान एवं नेपालको प्रचलित नियम कानूनसंग बाझिने निर्णयहरु भने स्वतः खारेज हुनेछन् । साथै यो कार्यविधि जारी भएपछि यस भन्दा पहिलाको जिल्ला अधिवेशन सम्वन्धित सबै कार्यविधिहरु स्वतहः खारेजी हुनेछ भने उक्त कार्यविधिहरु मार्फत गरिएका कार्यहरु यसै कार्यविधि अनुरुप भए गरिएको मानिनेछ ।

## अनुसूची -१

### जिल्ला अधिवेशन निर्वाचन समितिले निर्वाचन प्रक्रियामा तयार गर्नुपर्ने बैठकको माइन्युटको नमुना

**मितिः २०८३/ /**

**बैठक संख्या - १**

आज मिति ....................... गते............बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ....................... जिल्लाको प्रथम जिल्ला अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री ..................................को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थिति**

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ........................ | निर्वाचन संयोजक | |
| श्री ........................ | निर्वाचन सदस्य | |
| श्री ........................ | निर्वाचन सदस्य | |

**अन्य आमन्त्रित**

**प्रस्तावहरु**

१) निर्वाचनको कार्यतालिका सूची प्रकाशन गर्ने।
२) प्रतिनिधिहरुको प्रारम्भिक नामावली प्रकाशन गर्ने ।
३) प्रतिनिधिहरुको प्रारम्भिक नामावलीमा दावि विरोध गर्ने सूचना प्रकाशित गर्ने ।
४) विविध ।

**निर्णयहरु**

१) प्रस्ताव नं १ मा छलफल गर्दा ........................ को प्रथम जिल्ला अधिवेशन कार्यक्रम संचालनको लागि जिल्ला अधिवेशन आयोजक समितिसँग आवश्यक छलफल गरी सम्बन्धित जिल्लाको प्रथम जिल्ला अधिवेशन कार्यक्रमको कार्यतालिका सार्वजनिक गर्ने निर्णय गरियो ।

२) प्रस्ताव नं २ मा छलफल गर्दा ............................को आयोजक समितिबाट प्राप्त नामावलीको आधारमा प्रथम जिल्ला अधिवेशनको प्रतिनिधिहरुको प्रारम्भिक नामावली प्रकाशन गर्ने निर्णय गरियो।

३) प्रस्ताव नं ३ मा छलफल गर्दा प्रतिनिधिहरुको प्रारम्भिक नामावलीमा कसैको दाबी विरोध भएमा तोकिएको ढाँचामा मिति ................................ को .......................बजे भित्र दाबी विरोध गर्न सक्ने सूचना प्रकाशित गर्ने निर्णय गरियो । साथै प्राप्त दाबी विरोधको छानबिन गरी अन्तिम प्रतिनिधि नामावली तयार गर्ने निणर्य गरियो ।

**४) प्रस्ताव नं. ४ को विविधमा**

मितिः २०८३/ /

**बैठक संख्या - २**

आज मिति ....................... गते............बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ....................... जिल्लाको प्रथम जिल्ला अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री ..................................को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थिति**

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ......................... | निर्वाचन संयोजक | |
| श्री ......................... | निर्वाचन सदस्य | |
| श्री ......................... | निर्वाचन सदस्य | |

**अन्य आमन्त्रित**

**प्रस्तावहरुः**

१) प्रतिनिधिहरुको अन्तिम नामावली प्रकाशन गर्ने।

२) उम्मेदवारी आव्हान गर्ने।

३) विविध।

**निर्णयहरुः**

१) प्रस्ताव नं. १ मा छलफल गर्दा प्रतिनिधिहरुको प्रारम्भिक नामावली प्रकाशन गरिएकोमा देहायका प्रतिनिधिहरुको बारेमा दाबी विरोध आएकोमा उक्त दाबी विरोधको छानबिन गरी प्रतिनिधिहरुको अन्तिम नामावली तयार गरी उक्त नामावली प्रकाशन गर्ने निर्णय गरियो ।

**दाबी विरोध आएकाहरुको विवरणः**

२) प्रस्ताव नं २ मा छलफल गर्दा अधिवेशनको प्रतिनिधिहरुको अन्तिम नामावलीमा नाम भएका प्रतिनिधिहरुले मात्रै उम्मेदवारी दिन सक्ने भएकाले सबै प्रतिनिधिहरुकोमा सूचना पुग्ने गरी कार्यविधिमा तोकिए बमोजिमको उम्मेदवारी शुल्क सहित उम्मेदवारी आव्हान गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं ३ को विविधमा छलफल गर्दा

मिति: २०८३/ /

**बैठक संख्या - ३**

आज मिति ...................... गते............बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ....................... जिल्लाको प्रथम जिल्ला अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री ..................................को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थिति**

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ......................... | निर्वाचन संयोजक | |
| श्री ......................... | निर्वाचन सदस्य | |
| श्री ......................... | निर्वाचन सदस्य | |

**अन्य आमन्त्रित**

**प्रस्तावहरु:**

१) उम्मेदवारको प्रारम्भिक नामावली प्रकाशन गर्ने ।
२) उम्मेदवारको प्रारम्भिक नामावलीमा दाबी विरोधको सूचना जारी गर्ने ।
३) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने ।
४) विविध ।

**निर्णयहरु:**

१) प्रस्ताव नं १ मा छलफल गर्दा देहाय बमोजिमका उम्मेदवारी परेकोले उम्मेदवारहरुको प्रारम्भिक नामावली प्रकाशन गर्ने निर्णय गरियो ।

**जिल्ला समिति**

| पद | नाम | सम्पर्क नं | कैफियत |
|---|---|---|---|
| सभापति | | | |
| उपसभापति | | | |
| सचिव | | | |
| सहसचिव | | | |
| सदस्यहरु | | | |
| | | | |
| | | | |
| | | | |

२) प्रस्ताव नं. २ मा छलफल गर्दा उम्मेदवारहरुको प्रारम्भिक नामावलीमा कसैको दाबी विरोध भएका तोकिएको ढाँचामा दाबी विरोध दिन सक्ने सूचना जारी गर्ने निर्ण गरियो । साथै दाबी विरोध आएमा उक्त दाबी विरोधको बारेमा आवश्यक छानबिन गरी अन्तिम नामावली तयारी गर्ने निर्णय गरियो ।

३) प्रस्ताव नं. ३ मा छलफल गर्दा उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन गर्ने निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ को विविधमा छलफल गर्दा

मितिः २०८३/    /

**बैठक संख्या - ४**

आज मिति ........................ गते............बजे राष्ट्रिय स्वतन्त्र पार्टीको ........................ जिल्लाको प्रथम जिल्ला अधिवेशनको निर्वाचन संचालनार्थ गठन भएको निर्वाचन समितिको संयोजक श्री ....................................को अध्यक्षतामा बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थिति**

| नाम | पद | हस्ताक्षर |
|---|---|---|
| श्री ......................... | निर्वाचन संयोजक | |
| श्री ......................... | निर्वाचन सदस्य | |
| श्री ......................... | निर्वाचन सदस्य | |

**<u>प्रस्तावहरुः</u>**

१) निर्वाचन कार्यतालिका प्रकाशन गर्ने ।

२) निर्वाचन गराउने ।

३) विविध ।

**निर्णयहरुः**

१) प्रस्ताव नं १ मा छलफल गर्दा देहाय बमोजिमको निर्वाचन कार्य तालिका प्रकाशन गर्ने निर्णय गरियो।

**(एक पदमा एक मात्रै उम्मेदवारी परेको अवस्थामा निर्वाचन कार्यतालिका)**

विजयी उम्मेदवार घोषणा र शपथ ग्रहण कार्यक्रम ................ देखि .............. बजेसम्म

**(एक पदमा एक भन्दा बढी उम्मेदवारी परेको अवस्थामा निर्वाचन तालिका)**

उम्मेदवारले उम्मेदवारी फिर्ता लिने ................ देखि .............. बजे सम्म

मतदानको तयारी ................ देखि .............. बजे सम्म

मतदान ................ देखि .............. बजे सम्म

मतगणना ................ देखि .............. बजे सम्म

विजयी उम्मेदवारको घोषणा ................ देखि .............. बजे सम्म

शपथ ग्रहण कार्यक्रम ................ देखि .............. बजे सम्म

२) प्रस्ताव नं. २ मा छलफल गर्दा निर्वाचन कार्यविधि अनुसार तोकिएको कार्यतालिका अनुसार निर्वाचन गरी समिति चयन गर्ने निर्णय गरियो । साथै निर्वाचित समिति साथै निर्वाचन समितिको सबै कार्यको प्रतिवेदन निर्वाचन समिति सिफारिस समितिमार्फत्  केन्द्रीय निर्वाचन आयोगलाई बुझाउने निर्णय गरियो ।

**अनुसूची -२ (क)**

# राष्ट्रिय स्वतन्त्र पार्टी

जिल्ला अधिवेशन

**जिल्ला समितिको उम्मेदवारी दर्ता फारम**

मिति:.................................

आज मिति ......................... गते भइरहेको जिल्ला अधिवेशनमा .................................जिल्लाको जिल्ला समिति .................. पदमा रहनको लागि निम्न प्रस्तावक साथमा खुला क्षेत्रबाट/आरक्षित ............................क्षेत्रबाट मैले मेरो उमेदवारी दिएको छु । मेरो यो निर्वाचन प्रक्रियमा पूर्ण सर्मथन छ ।

अरक्षित पदमा उम्मेदवारी भए/नभएको

उम्मेदवारको नाम थर:
सदस्यता नं.:
हस्ताक्षर:
जिल्ला:
पालिका

प्रस्तावक नाम थर:
दस्यता नं.:
हस्ताक्षर:
जिल्ला:
पालिका:

**अनुसूची - २ (ख)**

# राष्ट्रिय स्वतन्त्र पार्टी

जिल्ला अधिवेशन

**निर्वाचन क्षेत्र समितिको उमेदवारी दर्ता फारम**

आज मिति.........................गते..........भइरहेको जिल्ला अधिवेशनमा ................................जिल्लाको क्षेत्र नं.............को निर्वाचन क्षेत्र समितिको ............... पदमा रहनको लागि निम्न प्रस्तावक साथमा खुला क्षेत्रबाट/आरक्षित ............................क्षेत्रबाट मैले मेरो उमेदवारी दिएको छु। मेरो यो निर्वाचन प्रक्रियमा पूर्ण सर्मथन छ।

अरक्षित पदमा उम्मेदवारी भए/नभएको

| | |
|---|---|
| उम्मेदवारको नाम थर: | प्रस्तावक नाम थर: |
| सदस्यता नं.: | दस्यता नं.: |
| हस्ताक्षर: | हस्ताक्षर: |
| जिल्ला: | जिल्ला: |
| पालिका | पालिका: |

## अनुसूची-३

उम्मेदवारको विरोधमा उजुरी
श्री निर्वाचन समिति संयोजक,
......................... जिल्ला अधिवेशन

...................जिल्लाको ..................... पदको उम्मेदवार हुनको लागि दर्ता नं.......... मा मनोनयनपत्र दर्ता भएका श्री.................................... निम्नलिखित कारणले उम्मेदवार हुन अयोग्य भएकोले निजको मनोनयनपत्र खारेज गरी पाउन यो उजुरी दिएको छु।

**उजुरीको कारण**

.....................................................................................................................................................
.....................................................................................................................................................
.....................................................................................................................................................

संलग्न प्रमाणसहितको मिति .................. सही छाप ......................................समयः
नाम,थर ..................
ठेगाना ..................

**निर्वाचन समिति संयोजकले भर्ने**

यो उजुरी मिति .........................को दिन .......... बजे मनोनीत उम्मेदवार वा निजको प्रतिनिधि श्री .................................... ले मेरो समक्ष दाखिल गरेको हो।

..................
**निर्वाचन समिति संयोजक**

## अनुसूची-४

**श्री निर्वाचन समिति संयोजक,**

...............................जिल्ला अधिवेशन

**विषयः** नाम फिर्ता लिएको सूचना।

..............................जिल्ला समितिको अधिवेशनमा ...................पदको निर्वाचनमा मेरो मनोनयनपत्र दाखिला भई मिति ........................मा प्रकाशित उम्मेदवारको नामावलीमा मेरो नाम समावेश भएकोमा सो निर्वाचन उम्मेदवार हुन हाल मलाई इच्छा नभएकोले आफ्नो राजी खुशीले आफ्नो नाम फिर्ता लिएको सूचना गर्दछु ।

मितिः

हस्ताक्षरः

नाम, थर ............................

(निर्वाचन समिति संयोजकले भर्ने)

यो सूचना मिति ............................को दिन ........... बजे मेरो समक्ष दाखिला भएको हो ।

हस्ताक्षरः

निर्वाचन समिति संयोजक

**निर्णय**

माथि उल्लेख गरे बमोजिमको सूचनाको व्यहोराको सत्यतामा म सन्तुष्ट वा असन्तुष्ट भएकोले श्री ............................ को नाम निजको उम्मेदवारको नामावलीबाट हटाउने र नहटाउने निर्णय गरेको छु।

मितिः ............................ समयः ............................

हस्ताक्षरः

निर्वाचन समिति संयोजक

अनुसूची-५(क)

## राष्ट्रिय स्वतन्त्र पार्टी

## ..................... जिल्ला समिति मतपत्र

(नमुना)

सभापति

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

उपसभापति

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

सचिव

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

सहसचिव

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

समावेशी सदस्य

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |
| ३ | | |
| ४ | | |
| ५ | | |

निर्वाचन क्षेत्र सदस्य

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |
| ३ | | |
| ४ | | |
| ५ | | |

## अनुसूची-५(ख)
## राष्ट्रिय स्वतन्त्र पार्टी
## ....................निर्वाचन क्षेत्र समिति मतपत्र
## (नमुना)

उपसंयोजक क

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

उपसंयोजक ख

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

सचिव

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |

सदस्य क

| | | |
|---|---|---|
| १ | नाम | |
| २ | नाम | |
| ३ | नाम | |
| ४ | नाम | |
| ५ | नाम | |

# अनुसूची-६
# राष्ट्रिय स्वतन्त्र पार्टी
## शपथ पत्र

म (सम्वन्धित सदस्यको पुरा नाम) ........................................................मुलुक र जनता तथा राष्ट्रिय स्वतन्त्र पार्टीको विधान प्रति पूर्ण बफादार रही सत्य निष्ठपूर्वक प्रतिज्ञा गर्दै ईश्वरका नाममा इमानका साथ शपथ लिन्छु कि पार्टीप्रती पूर्ण बफादार रहदै जिल्ला/निर्वाचन क्षेत्र समितिको ..........................................पदको कामकाज प्रचलीत कानून र पार्टीको विधानको अधिनमा रही मुलुक र जनताको भलो चिताई, कसैको डर नमानी,पक्षपात नगरी पूर्वाग्रह वा खराव भावना नलिई पदीय गोपनीयता कायम राखी ईमान्दारीका साथ काम गर्नेछु ।

धन्यवाद ।

**नामः** **हस्ताक्षरः** **मितिः**

**नोटः**

यदि कुनै सदस्यले आफ्नो मातृभाषामा शपथ लिन चाहेमा त्यस्तो सदस्यले दफा २५ (अनुसूची-६) बमोजिमको शपथको व्यहोरा आफ्नो मातृभाषामा अनुवाद गरी सो अनुवादको प्रति वडामा त्यसको पहिलो बैठकमा भाग लिनु एक दिन अगावै निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ । सदस्यले शपथ लिए पछि आफुले लिएको शपथको प्रतिमा हस्ताक्षर गरी तोकिएको निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

**अनुसूची-७**

# राष्ट्रिय स्वतन्त्र पार्टी

## जिल्ला समिति अधिवेशको माइन्यूट

मिति:..................................

आज मिति २०८ ...................महिनाको ........गते यस .........................जिल्लाको देहायको उपस्थितिमा भएको जिल्ला अधिवेशनमा निम्न विषयहरुमा छलफल गरी निर्णयहरु गरियो ।

**उपस्थिति**

| **क्र.सं.** | **नामः** | **ठेगाना** | **सम्पर्क नं.** | **हस्ताक्षर** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**<u>प्रस्तावहरुः</u>**

१.जिल्ला समिति गठन गर्ने बारे ।

१.निर्वाचन क्षेत्र समिति गठन गर्ने बारे ।

२. जानकारी गराउने बारे ।

४. विविध

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ उपर छलफल गर्दा यस राष्ट्रिय स्वतन्त्र पार्टीको अधिवेशनले जिल्ला समितिमा देहाय बमोजिमको समिति चयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | नाम थर | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | सभापति | | | | |
| २. | उपसभापति | | | | |
| ३. | सचिव | | | | |
| ४. | सहसचिव | | | | |
| ५. | समावेसी सदस्य | | | | |
| ६. | समावेसी सदस्य | | | | |
| ७. | समावेसी सदस्य | | | | |
| ८. | समावेसी सदस्य | | | | |
| ९. | समावेसी सदस्य | | | | |
| १०. | निर्वाचन क्षेत्र सदस्य १ | | | | |
| ११. | निर्वाचन क्षेत्र सदस्य २ | | | | |
| १२. | निर्वाचन क्षेत्र सदस्य ३ | | | | |
| १३. | निर्वाचन क्षेत्र सदस्य ४ | | | | |
| १४. | निर्वाचन क्षेत्र सदस्य ५ | | | | |
| १५. | निर्वाचन क्षेत्र सदस्य ६ | | | | |

**निर्णय नं. २:** प्रस्ताव नं. २ उपर छलफल गर्दा यस राष्ट्रिय स्वतन्त्र पार्टीको अधिवेशनले निर्वाचन क्षेत्र समितिमा देहाय बमोजिमको समिति चयन गर्ने निर्णय गरियो ।

**क्षेत्र नं. १**

| क्र.सं. | पद | नाम थर | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | उपसंयोजक क | | | | |
| २. | उपसंयोजक ख | | | | |
| ३. | सचिव | | | | |
| ४. | सदस्य महिला | | | | |
| ५. | सदस्य महिला | | | | |
| ६. | खुल्ला सदस्य | | | | |

**क्षेत्र नं. २**

| क्र.सं. | पद | नाम थर | सम्पर्क नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १. | उपसंयोजक क | | | | |
| २. | उपसंयोजक ख | | | | |
| ३. | सचिव | | | | |
| ४. | सदस्य महिला | | | | |
| ५. | सदस्य महिला | | | | |
| ६. | खुल्ला सदस्य | | | | |

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ मा छलफल गर्दा यस अधिवेशनले चयन गरेको समितिको विवरण तथा अन्य निर्णयहरुको बारेमा सम्वन्धित निकायहरुलाई जनाकारी गराउने निर्णय गरियो ।

**निर्णय नं.** ४:.